प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**मेलमिलापबाट विवादको समाधान गरौं ।**

मेलमिलापबाटः

- विवाद छिटो, कम समय र खर्चमा समाधान हुन्छ,
- सम्बद्ध पक्षले आफ्नो इच्छाअनुसार समाधान खोज्ने मौका पाउँछन्,
- आपसी सम्बन्ध सुधार हुन सक्छ,
- सम्बद्ध सबै पक्षलाई जितको अनुभव गराउँछ,
- तटस्थ र निष्पक्ष रुपमा विवादको समाधान हुन सक्छ,
- विवाद समाधानमा मेलमिलाप पद्धतिलाई अपनाऔं र अरुलाई पनि उत्प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : ११९ ॥ २०८२ जेठ २५ गते आईतबार (8th June 2025 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

# पूर्व राष्ट्रपति भण्डारीद्वारा विज्ञान प्रदर्शनीको उद्घाटन

बिर्तामोड(प्रस) । पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले झापाको बिर्तामोडमा आयोजित कोशी प्रदेश स्तरीय विज्ञान तथा प्रविधि प्रदर्शनीको उद्घाटन गरेकी छन् ।
बिर्तामोडको देवी माध्यमिक विद्यालयमा आयोजित विज्ञान प्रदर्शनीलाई मोबाइलको एप्सबाट दीप प्रज्वलन गरी उद्घाटन गरेकी हुन् ।

भण्डारीले सबै क्षेत्रमा विज्ञान तथा प्रविधि निर्णायक बन्दै गएको बताइन् । प्रदर्शनीको उद्घाटन गर्दै उनले वैज्ञानिक दृष्टिकोणबाट समृद्धि हासिल गर्न सकिने विश्वास व्यक्त गरिन् । नेकपा एमाले कोशी प्रदेशको विज्ञान तथा प्रविधि विभागले आयोजना गरेको प्रदर्शनीमा बोल्दै पूर्व राष्ट्रपति भण्डारीले परिवर्तनको आधार नै विज्ञान प्रविधि भएकाले सामाजिक, राजनीतिक,निजी क्षेत्र र राज्य पक्षले यसमा लगानीलाई प्राथमिकता दिनुपर्ने बताइन् ।



नेपाली विद्यार्थीहरुलाई विज्ञान तथा प्रविधिमा दक्ष बनाएर विश्वस्तरीय प्रतिष्पर्धी बनाउन आवश्यक रहेको भन्दै विज्ञान प्रदर्शनी जस्ता कार्यक्रमहरु आयोजना गर्न जरुरी रहेको धारणा व्यक्त गरिन् । विज्ञान तथा प्रविधिमा दक्ष बनाउने हामी सबैको दायित्व हो, उनले भनिन्,' विज्ञानलाई प्रयोगशालामा मात्र सीमित गर्न हुदैन, यसलाई विकाससँग जोडेर लैजानुपर्छ ।'
विद्यालय तहबाटै विद्यार्थीहरुलाई वैज्ञानिक सोच र प्रविधिमा रुचि जगाउन आवश्यक रहेको बताउँदै उनले शिक्षामा भौतिकसँगै प्रविधिमा लगानी गर्न जोड दिइन् ।

उनले आजका बालबालिकाहरुलाई पाठ्यक्रममा मात्र सीमित बनाउन नहुने धारणा व्यक्त गरिन् । बालबालिकाहरुलाई वैज्ञानिक दृष्टिकोणबाट सोच्न सक्ने बनाए मात्रै मुलुकको समृद्धि संभव हुने उनको भनाई छ ।
बिर्तामोडस्थित देवी माविको प्रांगणमा जेठ २६ गतेसम्म सञ्चालन हुने प्रतियोगितात्मक विज्ञान तथा प्रविधि प्रदर्शनीको उद्घाटन समारोहमा नेकपा एमाले कोशी प्रदेशका इञ्चार्ज शेरधन राई, कोशी प्रदेशका सचिव राजकुमार भण्डारी, देवी माविका प्रधानाध्यापक अम्बिका श्रेष्ठ लगायतले सम्बोधन गरेका थिए । कार्यक्रममा पार्टीका विभिन्न तहका नेतृत्वहरुको सहभागिता रहेको थियो ।

प्रदर्शनीमा प्रथम हुने विद्यालयले चार लाख, दोस्रो हुनेले तीन लाख, तेस्रो हुनेले दुई लाख र सान्त्वना हुनेले एक लाख नगद पुरस्कार प्राप्त गर्ने विभागका प्रमुख गणेश पोखरेलले जानकारी दिए । प्रदर्शनीमा १२ जिल्लाका ७० वटा विद्यालय सहभागी भएका छन् । विद्यालयहरुले स्टलमार्फत विज्ञान प्रदर्शनी गरिरहेका छन् भने विद्यार्थी र सहभागी शैक्षिक सरोकारवाला, पार्टी नेतृत्वहरुले अवलोकन गरिरहेका छन् ।

# दमकमा एकैरात ५० जना पक्राउ



झापा(प्रस)। दमक प्रहरीले स्वीप अपरेशन गरी एकैरात ५० जनालाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेहरुमा रातको समयमा अनाधिकृत गतिविधि गर्ने, लागूऔषध सेवनकर्ता, मादक पदार्थ सेवन गरी हिडडुल गर्नेहरु रहेका छन् ।
शुक्रवार राति १०.३० बजेबाट शुरु भएको अपरेशन ११.४० बजेसम्म चलेको थियो । दमक नगरपालिकाको वडा नं ६, ७ र ८ का विभिन्न ठाउँबाट उनीहरुलाई पक्राउ गरिएको हो । खासगरी दमक बजार , पशुहाट ,बसस्टेन्डलगायतका क्षेत्रमा अपरेशन गरिएको थियो । राति ५० जनालाई पक्राउ गरिएकोमा स्क्रिनिङ गरी १६ जनालाई राति नै छाडिएको र बाँकी ३४ जनालाई नियन्त्रणमै राखिएको इलाका प्रहरी कार्यालय दमकका डीएसपी रामप्रसाद तिमल्सिनाले बताए ।
इलाका प्रहरी कार्यालय दमकबाट स्विप अप्रेसनमा खटिएको डीएसपी तिमल्सिनाको कमाण्डको प्रहरी टोलीले उनीहरुलाई नियन्त्रणमा लिई इप्रका दमकमा राखेको छ । उनीहरुमाथि थप अनुसन्धान भइरहेको छ । पक्राउ पर्नेहरुमा मोरङ उर्लाबारी -८ बस्ने ४१ वर्षीय राजकुमार धिमाल , सोही ठाउँ बस्ने ३५ वर्षीय सोमबहादुर धिमाल , ३५ वर्षीय अर्जुन धिमाल,मोरङ जहदा गाउँपालिका -२ बस्ने २७ वर्षीय सन्त किस्कु , दमक नगरपालिका -९ बस्ने २२ वर्षीय रामबाबु मरण्डी , सोही ठाउँ बस्ने २२ वर्षीय बाबुराम मरण्डी , दमक -८ बस्ने १९ वर्षीया रोनिशा मगर , सोही ठाउँ बस्ने २० वर्षीया कल्पना मगर ,२० वर्षीय पवन गिरी , भारत किशनगंज थाना खनियाबोध बस्ने ३१ वर्षीय साकिर आलम , सुनसरी भोक्राहा नरसिंह गाउँपालिका -६ बस्ने १८ वर्षीय शिव उराव , सोही ठाउँ बस्ने १७ वर्षीय सागर उराव , २१ वर्षीय बिशाल उराव , १६ वर्षीय कुमार उराव , १८ वर्षीय बसन्त उराव,२८ वर्षीय अनिल उराव रहेका छन् ।
त्यस्तै पक्राउ पर्ने अन्यमा दमक-५ बस्ने ३४ वर्षीय बलबहादुर नेपाली, सोही ठाउँ बस्ने ३८ वर्षीय मोहन गुरुङ , वडा नं -७ बस्ने १४ वर्षीय सुनिल बर्देवा , बिर्तामोड बस्ने ४० वर्षीय अनिल लिम्बू , बाह्रदशी -६ बस्ने १४ वर्षीय बिशाल पण्डित , सोही ठाउँ बस्ने १७ वर्षीय करण राजवंशी ,१८ वर्षीय भविस राजबंशी ,पाँचथर फाल्गुनन्द -४ बस्ने २१ वर्षी जीवन नेम्वाङ , सोही ठाउँ बस्ने २१ वर्षीय योगेन्द्र लिम्बू , १७ वर्षीय सविन नेम्वाङ , सुनसरी इटहरी -१२ बस्ने ३५ वर्षीय दिनेश भण्डारी ,मोरङ उर्लाबारी -७ बस्ने २२ वर्षीय अमित सरदार , ग्रामथान -२ बस्ने १७ वर्षीय साजन सरदार, सोही ठाउँ बस्ने १६ वर्षीय अनिल सरदार , दमक -७ बस्ने १६ वर्षीय रियान बिश्वकर्मा , वडा नं ५ बस्ने १९ वर्षीय सचिन राई , वडा नं-१ बस्ने १९ वर्षीय राकेश शेर्मा लिम्बू र वडा नं -५ बस्ने १७ वर्षीय साहिल कुमाल रहेका छन्

# ताप्लेजुङमा पनि डेंगु संक्रमणको जोखिम



झापा(प्रस) । ताप्लेजुङमा डेंगु सङ्क्रमणको जोखिम भएकाले सतर्कता अपनाउन आग्रह गरिएको छ । जिल्ला स्वास्थ्य कार्यालयले स्थानीय स्वास्थ्यकर्मी, सञ्चारकर्मी, नेपाल प्रहरी र सशस्त्र प्रहरी समेतलाई सहभागी गराई डेंगु संक्रमणको जोखिम र अपनाउनुपर्ने सावधानीका विषयमा जानकारी गराउँदै यस्तो आग्रह गरेको हो ।
गर्मीयाम सुरु भएको र धैरै नागरिकमा यससम्बन्धी सचेतना नभएकालेसावधानीको विषयमा समुदायसम्म सन्देश पुऱ्याउन पनि सरोकारवालालाई आग्रह गरिएको छ ।
डेंगु सार्ने लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट तथा डेंगु नियन्त्रणसम्बन्धी अभियान सञ्चालन गर्ने तयारी रहेको कार्यालयले जनाएको छ ।
स्वास्थ्य कार्यालयका निमित्त कार्यालय प्रमुख उदयनारायण दुलालले तराईसहितका गर्मी क्षेत्रमा हुने डेंगु सङ्क्रमण पछिल्लो समय पहाड तथा हिमाली क्षेत्रमा समेत देखापर्न थालेकाले जनस्तरसम्म कार्यक्रम पुऱ्याउन आवश्यक रहेको बताए । गत वर्ष ४५ जनामा डेंगु सङ्क्रमण देखिएको थियो ।

सदरमुकाम रहेको फुङलिङ नगरपालिका क्षेत्रमा बढी देखिएकाले गत वर्ष लार्भा नष्ट गर्ने, पानी जमेको ठाउँको पानी हटाउने जस्ता क्रियाकलाप गरिएको फुङलिङ नगरपालिका स्वास्थ्य शाखाका मौसम खवासले बताए । उनका अनुसार गाउँको तुलनामा सहरमा यस्तो सङ्क्रमण बढी हुने भएकाले यस वर्ष पनि नगरपालिकाले संक्रमण रोक्न कार्यक्रम राखेको छ ।

# अर्जुनधारामा पोखरीमा डुबेर दुई बालकको मृत्यु

झापा(प्रस)। झापाको अर्जुनधारामा पोखरीमा डुबेर दुई बालकको मृत्यु भएको छ ।
शनिवार बिहान ८ बजे अर्जुनधारा वडा न.११ स्थित नमुना सामुदायिक वनभित्र रहेको सामुदायिक दिमदिमे पोखरीमा डुबेर दुई बालकको ज्यान गएको हो ।
तेह्रथुम जिरीखिम्ती घर भई सोही ठाउँ बस्ने पूर्णबहादुर राईको घरमा पाहुना आएका धनमाया गुरुङका छोरा १२ वर्षीय महसुस गुरुङ र सोही ठाउँ बस्ने मुना गुरुङका छोरा १० वर्षीय सुजल गुरुङ पौडी खेल्ने क्रममा पोखरीमा डुबिरहेको अवस्थामा स्थानीयले उद्धार गरेका थिए । उनीहरुलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड लिएर गएकोमा चिकित्सकले दुबै जनालाई ८:२० बजे मृत घोषणा गरेका छन् ।
दुवै बालकको शव सोही अस्पतालमा रहेको छ । घटनाबारे थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडबाट टोली गएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

### सुतेकै ठाउँमा महिलाको मृत्यु

# माइती पक्षद्वारा अन्त्येष्टि गर्न रोक



झापा(प्रस) । झापाको बुद्धशान्तिमा सुतिरहेकै ठाउँमा महिलाको मृत्यु भएपछि माइती पक्षले विवाद गरेका छन् । शुक्रवार दिउँसो ४ बजे बुद्धशान्ति गाउँपालिका ४ बर्ने डाँडा बस्ने मन्दिप राईकी श्रीमती २६ वर्षीया मनिसा (निरौला) राई आफ्नै घरमा सुतिरहेको अवस्थामा सुतेकै ठाउँमा मृत फेला परेकी थिइन् । शनिवार बिहान श्रीमान मन्दिपले अन्त्येष्टिका लागि लैजान खोज्दा माइती पक्षले विवाद गरी अन्त्येष्टि गर्न दिएनन् । इलाका प्रहरी कार्यालय बुधबारेमा जानकारी प्राप्त हुनसाथ प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको थियो ।
थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय धुलाबारीबाट गएको टोलीले संझाई बुझाई विवाद साम्य बनाएको छ । माइती पक्षले शंकास्पद मृत्यु भएको बताएका कारण मृतकको शवलाई पोस्टमार्टमको लागि धरान पठाइएको छ । मनिसालाई केही दिनदेखि ज्वरो आएको बताइएको छ । मनिसाले मन्दिपसंग दोस्रो विवाह गरेकी थिइन् । उनीहरुका एक छोरा र एक छोरी रहेका छन् ।

# जीपी सभागृहका लागि बल्ल पर्यो तीन करोड बजेट

भद्रपुर(प्रस) । झापा सदरमुकाम चन्द्रगढीस्थित निर्माणाधीन गिरिजाप्रसाद कोइराला स्मृति सभागृह (जीपी सभागृह) का लागि सहरी विकास मन्त्रालयमार्फत. तीन करोड बजेट बिनियोजन गरिएको छ ।
भद्रपुर नगर प्रमुख गणेश पोखरेलका अनुसार जीपी भवन निर्माणका लागि सहरी विकास मन्त्रालयमार्फत.नयाँ आर्थिक वर्षका लागि तीन करोड रकम छुट्टिएको हो । नगर प्रमुख पोखरेलले अब जीपी सभागृहको अधुरो निर्माण कार्य पूरा हुने बताउँदै सरकारले बजेट बिनियोजन गरेको पुष्टि गरेका हुन् । आफू नगर प्रमुख भएपछि पटक पटक संघीय सरकारसंग अलपत्र सो भवन निर्माणको वातावरण बनाइदिन माग गर्दै ध्यानाकर्षण पत्र बुझाएको भए पनि संघीय सरकारले बल्ल सुनुवाई गरेको उनको भनाइ छ ।
१० वर्षअघि २०७२ असार २८ गते तत्कालीन प्रधानमन्त्री सुशिल कोइराला, अहिलेका प्रधानमन्त्री केपी ओली, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल, तत्कालीन मधेशी जनाधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष बिजयकुमार गच्छदार र पूर्व उपप्रधानमन्त्री कृष्णप्रसाद सिटौलाले उक्त सभागृहको सामूहिक शिलान्यास गरेका थिए । करिब ७ वर्षयता निर्माण रोकिएर अलपत्र बनेको यस भवनका लागि स्थानीय स्तरबाट सर्वपक्षीय रुपमा दवाव




दिइएपनि सरकारी पक्षले निर्माणमा रहेको समस्या हल नगर्दा अलपत्र परेको थियो ।
सभागृह बन्ने हल्ला आएपछि सदरमुकाम क्षेत्रमा चहलपहल बढ्ने भन्दै खुशीयाली छाएको छ । काँग्रेस र एमालेका कार्यकर्ताले सभागृह निर्माणका लागि प्रधानमन्त्री केपी ओली, राष्ट्रिय सभाका सदस्य कृष्णप्रसाद सिटौला, पूर्व सांसद बसन्त बानियाँ, भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेललगायतले पहल गरेको भन्दै सामाजिक सञ्जालमा धन्यवाद दिएका छन् ।
आर्थिक वर्ष २०८२/८३ को बजेटमा जीपी सभागृह निर्माणका लागि उक्त बजेट बिनियोजन भएपछि अधुरो सभागृह बन्ने निश्चित भएको नगर प्रमुख गणेश पोखरेलले बताए ।
वि.सं. २०७२ असार ९ गते प्रेरा-शाह जेभी निर्माण कम्पनीले १२ करोड ७२ लाख ६९ हजार रुपैयाँको लागतमा सो भवन निर्माणको ठेक्का सम्झौतामा हस्ताक्षर गरेको थियो । कम्पनीले वि.सं. २०७४ भदौ ३१ गते भवन सम्पन्न गर्नेगरी ठेक्का पाएको थियो । १९ कठ्ठा जमिनमा बन्न सुरु भएको भवनको करिब ६५ प्रतिशत काम भइसकेको नगर प्रमुख पोखरेलको भनाई छ ।
निर्माणाधीन जीपी सभागृहको लम्बाइ ५३ मिटर र चौडाइ ३४ मिटर रहेको छ । यसको पहिलो तलामा व्यापारिक प्रयोजनका २७ वटा सटर र दोस्रो तलामा तीन वटा बैंक अट्ने फ्ल्याट र तेस्रो तलामा एक हजार जना क्षमताको अत्याधुनिक सभाहल बनाउने योजना छ । तत्कालीन झापा जिल्ला विकास समितिको नेतृत्वमा सभागृह निर्माणका लागि ठेक्का लगाइएको थियो । संघीयता कार्यान्वयनमा आएपछि जिल्ला समन्वय समितिमा रूपान्तरित जिविसको अधिकार कटौतीमा परेपछि सो भवन निर्माणको अपनत्व ग्रहणमै अन्यौलता आएपछि म्याद थपिएन ।
तत्कालीन स्थानीय विकास मन्त्रालयको आर्थिक सहयोगमा जिल्ला विकास समितिमार्फत निर्माण कार्य थालिएको थियो । काँग्रेस नेता गिरिजाप्रसाद कोइरालाको नामबाट भवन बनाइएको रिस फेर्नकै लागि तत्कालीन अवस्थामा नेकपा एमालेसम्बद्ध सरकारले भवन निर्माणको म्याद थप्न आनाकानी गर्दा निर्माण अवधि गुज्रिएको थियो ।

# सुदूरपश्चिममा कोरोना संक्रमित बढे

झापा(प्रस) । सुदूरपश्चिममा दिनहुँ कोरोना संक्रमित बढिरहेका छन् । भारतबाट स्वदेश फर्किएकाहरुमा चार दिनको अवधिमा १३ जनामा संक्रमण पुष्टि भइसकेको छ । त्यसमा पनि पर्याप्त संख्यामा परीक्षण नै हुन सकेको छैन ।

कैलालीको गौरिफन्टा सीमा नाकामा शनिबार तीन जना र बैतडीको झुलाघाट नाकाबाट आएका एक जनामा संक्रमण देखिएको प्रादेशिक स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्र सुदूरपश्चिमले जनाएको छ ।

केन्द्रका महामारी नियन्त्रण स्रोत व्यक्ति हेमराज जोशीका अनुसार शनिबार गौरिफन्टा नाकाबाट आएका २७ जनाको एन्टीजेन परीक्षण गर्दा तीन जनामा संक्रमण पुष्टि भएको हो भने झुलाघाट नाकामा गरिएको एक जनाको




परीक्षणमा संक्रमण पुष्टि भएको हो । दैनिकजसो कोरोना संक्रमण पुष्टि भइरहेको भए पनि आवश्यक परिमाणमा परीक्षण किट नभएर समस्या भइरहेको केन्द्रले जनाएको छ ।

'शुक्रबार काठमाडौंबाट दुई सय किट पठाइएको भए पनि जोगाएर परीक्षण गर्नु परेको छ,' जोशीले भने, 'किट फारु गरेर उच्च शंकास्पद व्यक्तिहरुलाई मात्र परीक्षण गरिरहेका छौं ।' शनिबार सुदूरपश्चिमका गड्डाचौकी कञ्चनपुर, झुलाघाट बैतडी, गौरीफन्टा र खकरुला सीमा नाका कैलाली, पुलघाट र जोलजीवी सीमानाका दार्चुलाबाट गरी भारतबाट एक हजार ११६ जना स्वदेश भित्रिएका छन् । किट अभावकै कारण गौरिफन्टा र झुलाघाट गरी २८ जनाको मात्र परीक्षण गरिएको केन्द्रले जनाएको छ ।

संक्रमण पुष्टि भएकाहरुलाई सम्बन्धित स्थानीय तहमा सम्पर्क गरेर होम आइसोलेसनमा पठाउने गरिएको जोशीले बताए । संक्रमण बढ्दो क्रममा देखिएपछि सीमा नाकामा निगरानी बढाइएको र आवश्यक सतर्कताका लागि सबै स्थानीय तहका स्वास्थ्य शाखालाई पत्राचार गरिएको उनले बताए ।

# अमेरिकामा गोली लागेर चार नेपालीको मृत्यु

झापा(प्रस) । अमेरिकाको भर्जिनिया राज्यको मनासास पार्क शहरमा रहेको एक घरमा एक नेपाली परिवारका चार जना मृत अवस्थामा फेला परेका छन्।

उनीहरूको गोली लागेर मृत्यु भएको स्थानीय प्रहरीले जनाएको छ। मृत्यु हुनेहरूमा ३८ वर्षीय सन्तोष परियार, ३६ वर्षीया अञ्जु श्रेष्ठ र एक ८ वर्षीया बालिका र अर्को २ वर्षीय बालक रहेको मनासस पार्क प्रहरीले जारी गरेको सूचनामा जनाइएको छ। बालबालिकाको नाम भने प्रहरीले सार्वजनिक गरेको छैन।

मनासस पार्कमा रहेको सो घटना घटेको घर नेपालीकै रहेको र मृतकको परिवार भाडामा बस्दै आएको बताइएको छ। घरधनीले प्रहरीलाई सम्पर्क गरेपछि प्रहरी आई घटनास्थल प्रवेश गर्दा चार जनाको शव फेला पारेको हो।

बिहीबार राति करिब १० बजेर ४० मिनेट जाँदा प्रहरी घटनास्थल पुगेको थियो। प्रहरीले उक्त घटनाको अनुसन्धान अगाडि बढाएको र शवलाई पोस्टमार्टमका लागि मनासस अस्पताल लगिएको उल्लेख गरेको छ।

हत्या या आत्महत्या के भन्ने यकिन भई नसकेको र अनुसन्धानपश्चात घटना के कसरी भएको हो भन्ने पत्ता लाग्ने प्रहरीलाई उद्धृत गर्दै स्थानीय अमेरिकी सञ्चार माध्यमहरूले जनाएका छन्।

प्रहरीले जारी गरेको प्रारम्भिक अवस्था प्रतिवेदनमा चारै जनाको मृत्यु गोली लागेर मृत्यु भएको घटनास्थलबाट एक थान बन्दुक बरामद गरिएको उल्लेख गरिएको छ। सो परिवार सो स्थानमा ६ महिनाअघि आएको बताइएको छ। मृतक बालिका स्थानीय मनासस पार्क प्राथमिक विद्यालयमा अध्ययनरत् रहेको सो विद्यालयले जानकारी गराएको छ।

# लागूऔषध कारोबार गर्नेमाथि 'एक्सन'

झापा(प्रस) । कोशी प्रदेशका विभिन्न जिल्लाहरुमा लागूऔषध कारोबार गर्नेमाथि व्यापक धरपकड गर्दै झापा, सुनसरी र इलामबाट प्रहरीले १७ जनालाई पक्राउ गरेको छ ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगको सुरक्षा सुनिश्चितता



अभियान अन्तरगत लागूऔषधको प्रयोग तथा ओसार पसारलाई नियन्त्रण गर्न परिचालन भएको प्रहरी टोलीले जेठ २३ गते झापाको मेचीनगर-१३ बाट सोही स्थानका ३५ बर्षीय लक्ष्मी सोरेन, २६ बर्षीय बिष्णु मग्राती र मोरङ लेटाङका २९ बर्षीय सन्तोष परियारलाई १ ग्राम १५० मिलिग्राम र शिवसताक्षी नगरपालिका- १ का २६ बर्षीय प्रनिस मुखिया, २४ बर्षीय तेजबहादुर दर्जीलाई ७०० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरेको छ ।

त्यसैगरी सुनसरीको कोशी गाउँपालिका-१बाट सोही स्थानका हिमालकुमार मण्डल, करणकुमार मण्डल, २१ बर्षीय दयानन्दकुमार यादव, इटहरी-५ का ३३ बर्षीय अजय चौधरी, धरान -१७ का २७ बर्षीय विवेक बिश्वकर्मा, संगम राई, १९ बर्षीय किरण राई, बराहक्षेत्र-७ का २२ बर्षीय कौशल कालिकोटे र २० बर्षीय याकुव राईलाई २२ ग्राम ८१० मिलिग्राम ब्राउनसुगरसहित नियन्त्रणमा लिएको कोशी प्रदेश प्रहरी प्रवक्ता भीमबहादुर दाहालले जानकारी दिए।

प्रवक्ता दाहालका अनुसार इलामको इलाम नगरपालिका-७ बाट सोही स्थानका २६ बर्षीय रुपन राई, देउमाई नगरपालिका- २ का २९ बर्षीय पासाङ शेर्पा र माई नगरपालिका-१ का २१ बर्षीय अबिरल राईलाई १ ग्राम ३९० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरिएको बताए । उनीहरु सबैको सम्बन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भइरहेको प्रदेश प्रहरी कार्यालय बिराटनगरले जनाएको छ।

कोशी प्रदेशका विभिन्न जिल्लाहरुमा प्रहरीले प्रत्येक दिन दर्जनभन्दा बढी लागूऔषध कारोबारीलाई पक्राउ गरिरहेको भएपनि लागूऔषध सेवन तथा ओसारपसार गर्नेको संख्यामा भने कमी आएको छैन। बरु हरेक दिन ओसार पसार गर्नेको संख्या बढिरहेको छ।

# मेचीनगरमा 'लम्फी स्किन' रोगको संक्रमण

मेचीनगर(प्रस)। मेचीनगरका गाईगोरुमा 'लम्फी स्किन' रोगको संक्रमण देखिन थालेको छ ।

मेचीनगर नगरपालिकाका पशु सेवा शाखाका प्राविधिक छत्र राईले मेचीनगरको ६ वटा वडाका किसानको गाईगोरुमा 'लम्फी स्किन' रोगको संक्रमण देखिन थालेको जानकारी दिए ।

उनका अनुसार मेचीनगर-२, ३, ७, ८, ९ र १४ नम्बर वडाका किसानका ३ वटा गाई र ४ वटा बाछीमा 'लम्फी स्किन' रोगको संक्रमण देखिएको छ ।

'ती गाई र बाछीमा अहिले सामान्य



घाउ जस्तो देखिएको छ', राईले भने-'किसानलाई घाउमा लगाउने मलम, पेनकिलर, ज्वरो, सरसफाइका लागि फिनेल, पोटासियम परनेट लगायतका औषधि दिइएको छ ।'

संक्रमित क्षेत्रको ५ सय मिटर आसपासका किसानका गाई-गोरुहरुमा नगरपालिकाको पशु प्राविधिकको टोली गएर 'रिङ भ्याक्सिन' लगाइएको पशु प्राविधिक राईको भनाई छ ।

राईका अनुसार शुक्रबार र शनिबार गरेर १५० वटा गाई-गोरुमा 'रिङ भ्याक्सिन' लगाइएको छ ।

'लम्फी स्किन' रोगको संक्रमणका बारेमा कोशी प्रदेश र केन्द्रीय पशु सेवा विभागमा जानकारी गराइएको नगरपालिकाका आर्थिक विकास शाखा प्रमुख दिपेन्द्र कार्कीले बताए ।

यो रोग लागेको पशुमा उच्च ज्वरो आउने, झोक्राउने, खाना अरुचि हुने र दुध कम दिने लक्षण देखा पर्दछ ।

छालामा पाँच सेन्टिमिटरसम्मको गोलो गिर्खा र घाउ देखा पर्दछ ।

क्याप्री फक्स नामक भाइरसको संक्रमणबाट लाग्ने यो रोगबाट बचाउन उक्त भ्याक्सिन लगाउने गरिएको छ ।

# झापाका पत्रकारलाई संसदीय पत्रकारिता तालिम

झापा(प्रस) । कोशी प्रदेशका सभामुख अम्बरबहादुर विष्टले प्रदेश सभाका बारेमा आमनागरिकलाई अझै बुझाउन नसकिएको बताएका छन् ।

झापाको बिर्तामोडमा शनिवार संसदीय पत्रकार मञ्च कोशी प्रदेशद्वारा प्रदेश सभा सचिवालय कोशी प्रदेशको सहयोगमा आयोजित संसदीय रिपोर्टिङमा डिजिटल मिडिया र सूचनाको प्रयोग सम्बन्धी तालिमलाई सम्बोधन गर्दै उनले प्रदेशको व्यापक चर्चा भए पनि प्रदेश सभाको विषयमा आमनागरिकलाई बुझाउन नसकिएको बताए । "प्रदेश सभाको विषयमा जनता अनिविज्ञ छन्", उनले भने, "अझै पनि प्रदेश सभा के हो ? के हो ? भन्नेमा अनविज्ञतामा जनता छन्, यसको औचित्य र आवश्यकताबारे बुझाउन हामीले पनि सकेका छैनौं ।" पत्रकार र सञ्चारकर्मीले प्रदेशसभाका बारेमा आमनागरिकलाई बुझाउन भूमिका निर्वाह गर्नुपर्नेमा उनले जोड दिए।

कार्यक्रममा नेपाली कांग्रेस कोशी प्रदेशका संसदीय दलका प्रमुख सचेतक गोपाल तमाङले कोशी प्रदेशले सञ्चार विधेयक निर्माण गरिरहेको बताउँदै आफूले




समेत संशोधनका केही प्रस्ताव पेश गरेको जानकारी दिए ।

"सञ्चार विधेयक संशोधन भएर सञ्चारमैत्री सञ्चार ऐन आउँछ", उनले भने, "यसले पत्रकार र सञ्चार क्षेत्रको विकासमा योगदान पुऱ्याउने छ ।" प्रदेश सभाका सांसदको विधायकी भूमिका जागरुक बनाउन पत्रकारको योगदान महत्वपूर्ण भएको उनको भनाइ छ ।

पत्रकार महासंघ कोशी प्रदेश उपाध्यक्ष अम्बिका भण्डारीले कोशी प्रदेशका सबै जिल्लाका पत्रकारलाई संसदीय पत्रकारिताको अभ्यास अवसर दिनुपर्नेमा जोड दिइन् ।

पत्रकार महासंघ झापा शाखा अध्यक्ष एकराज गिरीले कोशी प्रदेशमै झापा सबैभन्दा धेरै पत्रकार र सञ्चार गृह रहेकाले संसदीय पत्रकारिताको रिपोर्टिङका लागि तालिमले सहयोग मिल्ने बताए ।

कार्यक्रममा प्रदेश सभा सदस्य निमसरी राजवंशीले संसदमा उठाएका कुरा जनता माझ पुर्याउन पत्रकारले अधिकतम् कलम चलाउनुपर्ने बताइन् ।

त्यस्तै, प्रदेश सभा सदस्य लख्खीकुमारी गणेशले प्रदेश सभा सदस्यले धेरै काम गरे पनि सोको प्रचार नहुँदा 'जितेर के गरे ?' भन्ने जनताले प्रश्न गरिरहेको बताइन् ।

प्रदेश सभा सदस्य गोपाल विश्वकर्माले सरकारसँग पत्रकार नियन्त्रित हुन नहुने बताए । त्यस्तै, प्रदेश सभा सदस्य छविलाल चुडालले विषय उठान सही ढंगले उठान नहुँदा समाजमा नकारात्मक टिप्पणी भएको गुनासो गरे । बढी काम गर्ने सरकार प्रदेश सरकार भए पनि प्रचार नहुँदा प्रदेश सरकारको विषयमा प्रश्न उठ्ने गरेको उनले बताए । प्रदेश सभा सदस्य राधाकृष्ण खनाल स्रोत साधन कम हुँदा र जनअपेक्षा बढी हुँदा समस्या भएको बताए । उनले भने, "कानून बनाउने विधाकय भए पनि जनताको बुझाइ अर्कै छ ।" जनताको समस्या र आवश्यकताको बारेमा कुरा राख्ने ठाउँ प्रदेश सभा भए पनि तीन मिनेटको पर्याप्त नभएको उनले बताए ।

तालिममा कोशी प्रदेश सभा सचिवालयका शाखा अधिकृत निरोज ढकालले संसदीय खुलापन र कोशी प्रदेशसभामा यसको अभ्यास, संसदीय पत्रकार मञ्चका सल्लाहकार विवेक गौतमले संसद र पत्रकारबीचको अन्तरसम्बन्ध र कोशी प्रदेशका मुख्यमन्त्री प्रेस सल्लाहकार विक्रम लुइँटेलले सांसद र पत्रकारबीच सूचनाको प्रवाह, जवाफदेहिता र पारदर्शिताको विषयमा प्रशिक्षण दिएका थिए । संसदीय पत्रकार मञ्च कोशी प्रदेश अध्यक्ष कुमार लुइँटेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन मञ्चका सचिव सुमन सुस्केराले गरेका थिए ।

# युवा व्यवसायी खत्रीले छोरीको जन्मदिनमा गरे सहयोग



बिर्तामोड(प्रस) । युवा व्यवसायी पूर्वेली ढुवानी सेवा प्रा.लिका सञ्चालक निर्मलराज खत्रीले छोरी नाइरा खत्रीको जन्मदिनको अवसरमा दुई वटा सामाजिक संस्थालाई आर्थिक सहयोग गरेका छन् ।

उनले बिर्तामोड नगरपालिका वडा नम्बर ४ स्थित भक्तबारीमा रहेको तारा नमस्ते बालग्राम र मेघाबारीमा रहेको सिद्धिविनायक कर्मयोग भवन निर्माणको लागि सहयोग गरेका हुन् ।

खत्रीले बालग्राम सञ्चालक समितिका उपाध्यक्ष याम बिमलीलाई ५१ हजार रुपैयाँको चेक हस्तान्तरण गरे ।यस्तै कर्मयोग भवनको लागि निर्मलका बुवा छत्रबहादुर खत्रीको हातबाट संस्थाका प्रतिनिधि पत्रकार पुष्प खड्कालाई १५ हजार रुपैयाँको चेक हस्तान्तरण गरे ।

व्यवसायी खत्रीले जन्मदिनमा फजुल खर्च गर्नुभन्दा सामाजिक सेवाका लागि खर्च गर्नु उत्तम कार्य भएकोले छोरीको जन्मोत्सवको अवसरमा सामाजिक क्षेत्रमा सहयोग गरेको बताए । खत्रीले केही दिनअघि मात्रै आफ्नो जन्मदिनको अवसरमा बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको व्यावसायिक सदस्य राहतकोषमा ५१ हजार रुपैयाँ सहयोग गरेका थिए । बालग्राममा आयोजित रकम सहयोग हस्तान्तरण कार्यक्रममा व्यवसायी खत्रीकी जीवन संगिनी रेनुका लिम्बू (खत्री), सासुआमा दिलकुमारी लिम्बू, व्यवसायी हरिकेशर बस्नेतलगायतको उपस्थिति रहेको थियो ।

# उपचार अभावमा जीवन र मरणको दोसाँधमा दुलाल

झापा(प्रस) । तेह्रथुम जिल्ला फेदाप गाउँपालिका-२ का ४५ बर्षिया महाप्रसाद दुलाल अहिले जीवन र मरणको दोसाँधमा छन्।

उनी आन्द्रा बटारिने जस्तो जटिल र पीडादायी रोगले ग्रस्त छन् । जुन रोग समयमै शल्यक्रिया नगरे ज्यान गुमाउने अवस्था समेत देखा पर्न सक्छ। महाप्रसादको रोग ६ महिनाअघि पनि देखिएको थियो। गाउँघरबाट चन्दा, ऋण र छरछिमेकको सहयोगमा जुटाइएको रकमले बिराटनगरस्थित नोबेल अस्पतालमा पहिलो पटक शल्यक्रिया गरिएको थियो। उपचारपछि उनी केही समयका लागि सामान्य भए पनि रोग फेरि बल्झिएको छ। अहिले आन्द्राको अर्को भागमा समस्या देखिएको र तत्काल पुनः शल्यक्रिया आवश्यक परेको चिकित्सकहरूले बताएका छन्। पुरानो ऋण अझै तिर्न नसकिएको महाप्रसाद बताउँछन्।

उनी भन्छन्, "हातमुख जोर्नै कठिन भएको बेला उपचारको अर्को चरण सुरु गर्नु मेरो लागि सम्भव छैन।"

महाप्रसादको अझै पीडादायक पक्ष भनेको उनको पारिवारिक पृष्ठभूमि हो। महाप्रसादका ८० वर्षीय बुवा लेखप्रसाद दुलाल आफैं घुँडाको समस्याले थला परेका छन्। तीन वर्षअघि श्रीमतीको मृत्यु भएपछि महाप्रसादमाथि १४, ११, ८, र ३ वर्षका छोरा-छोरीहरू तथा ८० वर्षीय बुबाको जिम्मेवारी परेको छ। परिवार चलाउनु, सन्तानको हेरचाह गर्नु, वृद्ध बुबाको सेवा गर्नु र गम्भीर रोगसँग लड्नु – यी सबै एकसाथ धान्न सक्ने क्षमता अहिले नरहेको महाप्रसाद बताउँछन्। उनी केही सहयोग लिएर फेरि बिराटनगरको नोबेल अस्पताल पुगेका छन्, तर आर्थिक अभावले उपचार थाल्न सकेका छैनन्। उनका वृद्ध बुबा लेखप्रसाद भन्छन्, "छोराको उपचार कसरी गरौं? म आफैं जीवनको अन्त्यतिर छु," भन्दै टोलाउँछन्। उनी थप्छन्, "रोग, दुख, र अभावले हाम्रो घरमा आँधी आएको छ।"

महाप्रसाद अहिले जीवनका लागि लडिरहेका छन्। उनको उपचारमा सानो सहयोग पनि एक जीवनको आशा बन्न सक्छ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री देवी माया गौतमको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ६ बस्ने श्री कविता माया राईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ६ | १७९०१ २० | ११० | १६९. ३० | २०८२/ ०१/२२ | २०८२/ ०१/२४ | २०८२/ ०२/२० |



**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**प्रदेश नं. १, प्रादेशिक कार्यालय, बिराटनगर**
**अनारमनी वितरण केन्द्र**

फोनः
०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)

**विद्युत आपुर्ति अवरुद्ध हुने बारेको सूचना**

उपरोक्त सम्बन्धमा निर्माणाधीन एसियन हाइवे निर्माण कार्यले गर्दा भैरहेको पोल स्थानान्तरण कार्यको लागि नयाँ लाइन निर्माण गरी पुरानो लाइन हटाउन पर्ने हुँदा सो कार्य अन्तर्गत चारआली चोकको सार्बजनिक शौचालयदेखि पाथिभरा मन्दिरसम्म lt abc cable तान्न अनि सार्वजनिक शौचालयदेखि आर्यन प्लाजा हुँदै उत्सब हार्डवेयरसम्म ति abc cable र ht xlpe cable तान्ने र रोड क्रसिङ मिलाउन (नयाँ लाईन चालु गरि पुरानो हटाउने)कार्यको लागि सटडाउन माग भइ आएकाले मिति २०८२ जेठ .२५ गते आइतबार बिहान ७:३० देखि बेलुकी ४:३० बजेसम्म ११ केभी चारआली फिडर अबरुद्ध हुने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

विद्युत अबरुद्ध भएर पर्ने गएको असुविधाप्रति नेपाल विद्युत प्राधिकरण क्षमाप्रार्थी छ ।

**– नेपाल विद्युत प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन

# अभिव्यक्ति

कविता

## संघार भित्रकी साहसी नारी!

**सुशिला शर्मा 'शिलु'**



इतिहासका पानाहरूमा जीवित छन् ती
संकल्पहरू जुन एउटा नारीले
आफ्नो संघार तर्न जीवन लिलामी गराएर
अस्तित्वको बलिदान दिएर
आँसुको सागर खडा गरेर
ज्वालामुखी र अग्नि कुण्डहरूमा
हवन गरिनु पर्थ्यो
जहाँ,
मातृत्वलाई तिलाञ्जलि दिएर
अस्मितालाई जोखिममा राखेर
प्राणलाई निर्ममताको धारमा राखेर
मृत्युलाई अँजुलीमा बोकेर
ममतालाई टुक्रिएको मुटुमा राखेर
चेतनालाई निराशाको कल्पवृक्षमा राखेर
पैतालालाई पितृसत्ताको धारमा राखेर
अपमानलाई दैनिक निल्ने सासको घुट्कोमा राखेर
इच्छा पत्रलाई पसिना र रगतको मसीद्वारा
धर्तीको पाटीमा हरदम कोरेर
मात्र संघार नाघ्ने जमर्को गर्नु पर्दथ्यो
सूक्ष्म अधिकारको लागि
खुसीको लागि

पूरा आँखाले संसार चियाउनको लागि
सन्तानलाई पेटभरि ममता पोख्नको लागि
पेटको अग्नि निभाउनको लागि
प्रेम प्राप्त गर्नको लागि
ममताको आँगन चियाउनको लागि
पराया भूमिमा बाँच्न एवं
अस्तित्व जोगाउनको लागि
र ती निर्मम इतिहासहरू
खोम्रा कागजमा कैद हुँदै गर्दा धर्तीमा बिलाए
हाम्रा महान् संघर्षशील नारी पुस्ताहरू
जसले एकै मुठी सास पनि नआत्तिएर फेर्न पाएनन्
स्त्रीको आकृतिमा प्रकट भएर धर्ती चियाएदेखि
आराम पाउन पनि धर्तीमै विलीन हुन पर्‍यो
नमन छ ती महान् अघोषित योद्धा जसको युद्ध स्वयंको
संघारभित्र स्वयमको सास फेर्न नै जीवनभर
पराया कोखको भए बापत नै सन्तानका खातिर
जिजीविषा राख्नको निमित्त समातेको थाल
सुत्ने ओछ्यान, भरोसाको दलान
भक्ति गरेर आफ्नो मान्न लगाइएको पराया ईश्वर
आफैँले टेकेको धर्ती पनि आफ्नो होइन कि हो मै
जीवनको इहलीला सकाउनु पर्‍यो।

वास्तविक युद्ध त क्रूरताले
भरिएका पराया परेछन् भने
संघारभित्र नै हुने रहेछ!
इतिहासको पानादेखि वर्तमानको युगसम्म
नारीको परीक्षा लिइने संघर्ष मैदान
अपमानको वर्षा गराएर ज्ञान ओझेलमा पार्न
रचिएका सबै चक्रव्यूहहरू समाप्त पार्न
संघारमा अल्झेर घाइते नबनुन् नव युगका नारीहरू,
जसको मुस्कानबाट हिंस्रक मानव, जीव एवं
स्व-अस्तित्वका क्रूर पात्रहरूको अदृश्य कुटिल खेल
समाप्त होस् र धर्तीमा नव सूर्योदयको
किरणमार्फत नव युवतीलाई फूल ओछ्याएको
संघारभित्र निर्ममताको क्रीडा नहोस् भनेर
आफ्नो भूगोलको सीमा बाहिर भाग्नु नपरोस्
सच्चा कर्मजीवीहरूको सर्वत्र कदर होस्।

# परदेशको चीत्कार



**शोभा अधिकारी**

मध्यरातको चकमन्नता चिर्दै मोबाइलको घन्टी बज्यो । निद्राले भारी भएका आँखा मिच्दै फोन उठाएँ,

"हेलो ?"उताबाट आएको आवाज चिच्याहट, सुँक्क सुँक् क र एक अव्यक्त पीडाको कारुणिक मिश्रण थियो । "नानी... नानी शोभा... म कृष्णप्रसाद... मलाई बचाउनुहोस् नानी, म बर्बाद भएँ !" कृष्णप्रसाद काका, उमेरले ७८ वर्षका; जसको आवाजमा मैले सधैँ एउटा बौद्धिक शालीनता र स्नेहको न्यानोपन महसुस गरेको थिएँ; आज यतिविघ्न निरीह, भयभीत र आहत सुनिनुभएको थियो । मेरा लेख र सामाजिक कार्यका उहाँ नियमित शुभचिन्तक । उहाँको यस्तो अवस्थाले मेरो मन एकैछिनमा चिसो भयो, कुनै अशुभ घटनाको सङ्केतले झस्कायो । "काका, के भयो ? तपाईं कहाँ हुनुहुन्छ ? किन यस्तो आवाज आइरहेको छ ?" "नानी, म लन्डनको भिक्टोरिया कोच स्टेसन (बसपार्क) बाहिरको चिसो बेन्चमा छु... अलपत्र परेँ... छोराले... नातिनीले..." वाक्य पूरा हुन नपाउँदै उहाँको गला अवरुद्ध भयो । गह्रौँ सास फेरेको आवाज फोनमा प्रस्टै सुनिन्थ्यो । मैले आफूलाई समाल्दै धैर्य दिलाउने प्रयास गरेँ, "काका, नआत्तिनुहोस् । कृपया शान्त हुनुहोस् र बिस्तारै भन्नुहोस्, के भयो ? म सुन्दै छु ।"

कृष्णप्रसाद काकाले हृदयविदारक जुन कथा सुनाउनुभयो, त्यो सुनेर कुनै पनि संवेदनशील मान्छेको मन छिया छिया हुन्छ । रगतको नाता कतिसम्म क्रूर र स्वार्थी हुन सक्छ भन्ने कहालीलाग्दो यथार्थ नाङ्गो भएर अगाडि उभिन्छ, अनि 'विकसित' भनिएको समाजको मानवीय पाटोमाथि नै गम्भीर प्रश्न उठ्छ ।

लगभग चार महिनाअघिको कुरा हो । लामो समयदेखि युकेमा बसोबास गरिरहेका छोरा रमेश, बुहारी सुनिता र विशेष गरी अलि ठुली भइसकेकी नातिनी आरुषीले कृष्णप्रसादलाई ठुलो करकाप र मिठो स्नेह देखाएर बोलाएका थिए । श्रीमतीको निधनपछि एक्लिएका कृष्णप्रसादलाई नातिनी आरुषीले भिडियो कलमा बारम्बार भन्थी, "हजुरबुवा, यता आउनुहोस् न, मलाई हजुरको धेरै याद आउँछ । यहाँ घुम्ने कति राम्रा ठाउँ छन्, हामी सँगै घुम्न जाऊँला । छ महिनाको भिसा छ, हजुरआमाको सम्झना पनि कम हुन्छ, हामी हजुरको ख्याल राख्छौँ ।" नातिनीको तोते बोली र छोराको आग्रहले कृष्णप्रसादको मन पग्लियो ।

पोखरा फेवाताल किनारको सुन्दर घर, जग्गाजमिन, बर्सौंदेखिका इष्टमित्र र आफ्नी दिवङ्गत जीवनसङ्गिनीका याद सबैलाई मनको एक कुनामा थन्क्याएर, मनभरि नातिनातिनासँग रमाउने र छोराको प्रगति हेर्ने उत्साह बोकी कृष्णप्रसाद सात समुद्रपारि लन्डन आइपुग्नुभएको थियो । सुरुका केही हप्ता त सपना जस्तै बिते । नातिनी आरुषीको चकचक, छोराबुहारीको आदर सत्कार, लन्डनका रमणीय पार्क र सङ्ग्रहालयको भ्रमणले उहाँको मन प्रफुल्लित थियो । उच्च रक्तचाप र मधुमेहका दीर्घरोगी भए पनि छोराछोरी र विशेष गरी नातिनीको साथले उहाँलाई नयाँ ऊर्जा र जीवनको मोह दिएको थियो । उहाँले सोच्नुभएको थियो, "श्रीमतीले छोडेर गए पनि सन्तान र नातिनातिनाले त माया गर्दा रहेछन् ।"

तर, यो खुसीको इन्द्रेणी धेरै दिन टिकेन । घाम अस्ताएपछि जुन उदाए झैँ वा भनौँ स्वार्थको कालो बादलले स्नेहको उज्यालोलाई ढाके झैँ, देखावटी आदरको पर्दा च्यातिँदै गयो र यथार्थको कुरूप, स्वार्थी अनुहार छर्लङ्ग देखिन थाल्यो । सुरुमा बुहारी सुनिताको व्यवहारमा हल्का परिवर्तन आयो, जुन पछि गएर नातिनी आरुषीमा पनि सल्कियो । कृष्णप्रसादले टिभीको आवाज ठुलो बनाएकोदेखि, उहाँले खानेकुरामा लगाएको नुन-चिनीको मात्रासम्म, हरेक सानो-ठुलो कुरामा टिप्पणी र अनावश्यक किचकिच हुन थाल्यो । "हजुरबुवा, तपाईं कति हल्ला गर्नुहुन्छ, मेरो पढाइ डिस्टर्ब हुन्छ," पहिले मायाले अँगालो हाल्ने नातिनी अब झर्किएर बोल्न थाली । "बुढा मान्छे, अलिकति पनि सफासुग्घर बस्न नजान्ने, यस्तो पनि खाने तरिका हो ?" जस्ता वचन बुहारीको मुखबाट निस्कन थाले । छोरो रमेश पनि प्रायः मौन रहन्थ्यो वा कहिलेकाहीँ श्रीमती र छोरीकै भाषा बोल्थ्यो, "बुवा ! अलिकति बुझ्नु पर्‍यो नि, यहाँको 'लाइफस्टाइल' फरक छ ।"

एक साँझ, खाना खाएपछि, कुरा घुम्दैफिर्दै सम्पत्तिमा पुग्यो । "बुवा ! पोखराको त्यो फेवातालछेउको घर र जग्गा आरुषीको नाममा पास गरिदिनु पर्‍यो," रमेशले अलि हच्किँदै तर दृढ स्वरमा भन्यो, "उसको भविष्यका लागि पनि हुन्छ, हामीले यताबाट के नै गर्न सकेका छौँ र ?"

कृष्णप्रसाद छक्क पर्नुभयो । श्रीमती बितेपछिको एक्लोपन, परदेशको नौलो परिवेश र अब आफ्नै छोराको यस्तो प्रस्ताव ! उहाँले समालिँदै भन्नुभयो, "बाबु ! म मरेपछि सबै तिमीहरूकै त हो नि ! आरुषी मेरै रगत हो, उसका लागि त म ज्यान पनि दिन तयार छु तर अहिले नै किन नामसारी ? मलाई नेपाल फर्केर त्यही घरमा, मेरी श्रीमतीका यादसँगै अन्तिम सास फेर्न मन छ । अलिकति सम्पत्ति हुँदा आफूलाई पनि सहारा हुन्छ, कसैको अगाडि हात थाप्नु पर्दैन । आखिर म कति नै बाँच्छु र अब ?"

कृष्णप्रसादले यति बोल्न नपाउँदै बुहारी सुनिता रिसले चुर भइन्, "आफ्नो लागि मात्रै सोच्ने ! हामीलाई चाहिँ केही नचाहिने ? छोरीको भविष्यको चिन्ता छैन ? यत्रो पैसा खर्च गरेर, समय दिएर युके बोलाएको के सित्तैमा स्याहारसुसार गर्नलाई हो ? कि घुमाउनलाई मात्र ?" उनले मुख छाडिन्, शब्दहरू छुरी जस्तै बिझ्ने थिए । कुरा यतिमा मात्र सीमित रहेन । अर्को दिन त झन् नातिनी आरुषी, जो हिजोसम्म "हजुरबुवा, हजुरबुवा" भन्दै काखमा लुट्पुटिन्थी, उसले हजुरबुवाको कोठामा आएर भनी, "ग्र्यान्डपा, ड्याड र ममले भनेको मान्नुस् न, नत्र तपाईंलाई यहाँ बस्न गाह्रो हुन्छ ।" यो सुनेर कृष्णप्रसादको मन छिया छिया भयो । आफ्नै रगतले यस्तो बोल्दा कस्तो हुन्छ होला !

त्यो रात कृष्णप्रसादका लागि कालरात्रिभन्दा कम थिएन । आफ्नै छोरो, जसलाई दुःखकष्ट सहेर पढाए, लेखाए, विदेश पठाए, आज उही छोरो पराइभन्दा निष्ठुरी बनेको थियो । बुहारीको व्यवहार त शत्रुको भन्दा चर्को थियो, र सबैभन्दा ठुलो चोट त नातिनीको बदलिएको व्यवहारले दिएको थियो । "तपाईं तुरुन्त नेपाल फर्किहाल्नुस् । यहाँ एकछिन पनि बस्न मिल्दैन । सुनिता र आरुषी दुवै तपाईंको व्यवहारले आजित भइसके," रमेशले अन्तिम फैसला सुनायो, मानौँ उनी न्यायाधीश हुन् र कृष्णप्रसाद अपराधी ।

"बाबु ! मेरो त छ महिनाको भिसा छ । यति चाँडै कसरी फर्किनु ? टिकटको व्यवस्था मिलाइदेऊ न त, म केही दिनमा निस्किहाल्छु", कृष्णप्रसादले लगभग गिड्गिडाउँदै भन्नुभयो ।

"टिकट सार्न वा नयाँ किन्न मसँग अहिले पैसा छैन । तपाईंलाई आफन्तकोमा जानु छ भने भन्नुस्, बसको टिकट काटिदिन्छु, नत्र आफ्नो व्यवस्था आफैँ गर्नुस", छोराको रुखो, गैरजिम्मेवारपूर्ण जवाफले कृष्णप्रसादको मुटु छेड्यो ।

अन्त्यमा छोराले लन्डनबाट म्यान्चेस्टरमा रहेका कृष्णप्रसादका एक जना टाढाका नातेदारकहाँ जानका लागि नेसनल एक्सप्रेस बसको टिकट काटिदियो र हातमा एउटा पुरानो, साधारण मोबाइल थमाइदियो, जसमा थोरै मात्र ब्यालेन्स थियो । "यो लिनुस्, बाटोमा कसैलाई सम्पर्क गर्नु पर्‍यो भने काम लाग्छ ।" सायद यो उसको अन्तिम 'सद्भाव' थियो, वा भनौँ जिम्मेवारीबाट पन्छिने एउटा सजिलो उपाय ।

त्यही बसयात्राका क्रममा कृष्णप्रसादले म्यान्चेस्टर जाने बस समात्नुपर्ने थियो तर उहाँ भिक्टोरिया कोच स्टेसनमा अलमलिनुभयो । रातको समय, नयाँ र विशाल सहर, अङ्ग्रेजी भाषा राम्रोसँग नबुझ्ने, मनभरिको असह्य पीडा र अपमानबोधले उहाँले सही प्लेटफर्म पत्ता लगाउन सक्नुभएन । नातेदारलाई फोन गर्दा सम्पर्क हुन सकेन । अनि जीवनमा कहिल्यै नसोचेको त्यो क्षणमा, अन्तिम आशाको त्यान्द्रो समातेर उहाँले मलाई सम्झनुभएछ, मेरा लेखहरू पढेर उहाँले कैयौँ पटक समाजसेवाको भावनाको प्रशंसा गर्नुभएको थियो ।

उहाँको कारुणिक कथा सुनेर मेरो मन स्तब्ध र आक्रोशित भयो । तत्कालै मैले भनेँ, "काका, एकछिन नआत्तिनुस्, म केही व्यवस्था मिलाउने प्रयास गर्छु । तपाईंको छेउमा कोही हुनुहुन्छ ? वा कोच स्टेसनको कुनै कर्मचारीलाई फोन दिन सक्नुहुन्छ, म कुरा गर्छु ।" उहाँले छेउमा रहेका एक जना सहयोगी देखिने व्यक्ति, जो सायद अर्को बस कुरिरहेका थिए, उनलाई फोन दिनुभयो । मैले ती अपरिचित मित्रलाई कृष्णप्रसाद काकाको अवस्था, उहाँको म्यान्चेस्टरसम्मको टिकट र उहाँको मानसिक तनावबारे अङ्ग्रेजीमा बताएँ र मानवीय नाताले सहयोग गरिदिन अनुरोध गरेँ । ती सज्जनको सहयोग गर्ने आश्वासनले मेरो मनलाई केही हलुङ्गो बनायो । मैले उनलाई हृदयदेखि धन्यवाद दिएँ । कृष्णप्रसाद काकालाई सम्झाउँदै भनेँ, "काका ! उहाँले तपाईंलाई सहयोग गर्नुहुन्छ । तपाईं उहाँसँगै बस्नुस् र उहाँले भने अनुसार गर्नुस् । म्यान्चेस्टर पुगेपछि मलाई तुरुन्त फोन गर्नुहोला । कुनै पनि समस्या परे म छु, हामी नेपाली एकअर्काका लागि छौँ ।"

बस छुट्न अझै केही समय बाँकी थियो । फोनमा कृष्णप्रसाद काकाले रुँदै थप्नुभयो, "नानी ! मेरी श्रीमती बितेपछि म एक्लो भएको थिएँ तर यतिसम्म होला भन्ने सोचेको थिइनँ । छोरो रमेश सानो छँदा कति ज्ञानी थियो, उसका लागि मैले के मात्र गरिनँ र ! नेपालमा हुँदा त फोनमा कति मिठो बोल्थ्यो; 'बुवा हजुरलाई यहाँ ल्याएर पाल्छु, सुख दिन्छु' भन्थ्यो । यहाँ आएपछि के भयो कुन्नि ! पोखराको घरघडेरी सबै मेरै नाममा छ, श्रीमतीले पनि मेरै नाममा गरिदिएकी थिइन् । छोरो यहाँको नागरिक हो, बुहारी पनि त्यस्तै होला । नातिनी यहीँ जन्मेकी, हुर्केकी । सम्पत्तिकै लागि, त्यो पनि आफ्नै बुवासँग यस्तो निच व्यवहार गर्नु पर्छ ? म मरेपछि आखिर उनीहरूकै त हो नि ! अब त मलाई यो बेलायत पनि चाहिँदैन, फर्केर पनि आउँदिनँ । यस्तो हेला, यस्तो अपमान, यस्तो तिरस्कार गर्नेले किन बेलायतमा बोलाएको होला ? यस्ता पनि सन्तान हुन्छन् ? यस्ता पनि नातिनातिना हुन्छन् ? आफ्नै हजुरबालाई सम्पत्ति नदिए घरबाट निकाल्न तयार हुन्छन् ? यस्ता पनि छोराको नाममा कुपुत्र हुन्छन् ? बुवा भनेर नेपाल आए ठिकै छ, नत्र अब त्यतिसारो अपमान गर्ने, सडकमा अलपत्र पार्ने छोराले के हेर्ला, के माया गर्ला ? यो कलियुगकी बुहारी र स्वार्थी नातिनीको त के मुख हेर्नु र अब ?"

उहाँका प्रत्येक शब्दमा पीडा, धोका, आक्रोश र गहिरो निराशाको छाप थियो । एकातर्फ आफ्नै सन्तानबाट यसरी चरम उपेक्षित र अपमानित हुनुभएका एक वृद्धलाई मध्यरातमा सहयोग गर्न पाएकोमा एक किसिमको मानवीय कर्तव्य पूरा गरेको अनुभूति थियो भने, अर्कोतर्फ यो कहालीलाग्दो घटनाले मेरो मन भारी, दुःखी र क्रोधित भएको थियो । जन्म दिने मातापितालाई बोझ सम्झने, उनीहरूको भावना, सम्मान र आवश्यकतालाई पैतालामुनि कुल्चने यस्ता सन्तान र नातिनातिनाहरूले कुन नैतिकताको पाठ सिकेका होलान् ? सम्पत्तिको लोभ र भौतिक सुखको लोकमान्य आफ्ना वृद्ध बुवाआमालाई यसरी सडकमा अलपत्र पार्नेले कुन धर्म कमाउलान् ? कुन शान्ति र मोक्ष पाउलान् ?

मैले कृष्णप्रसाद काकालाई आश्वासन दिएँ, "काका, तपाईं अहिले म्यान्चेस्टर पुग्नुहोस् । त्यहाँका आफन्तसँग कुरा गर्नुहोस् । नेपाल फर्किने बेलामा टिकट सार्न वा अन्य कुनै आर्थिक वा व्यवस्थापकीय समस्या परे मलाई निर्धक्क भएर भन्नुहोला । तपाईं एक्लो हुनुहुन्न, हामी तपाईंको साथमा छौँ । आवश्यक परे यहाँको नेपाली दूतावास र नेपाली समुदाय संस्थासँग पनि समन्वय गर्न सकिन्छ ।"

उहाँले काँपिरहेको आवाजमा "हुन्छ नानी, तिम्रो गुन म कहिल्यै बिर्सन्नँ" भनेर फोन राख्नुभयो । थाहै नपाई मेरा आँखा रसाएछन् । कृष्णप्रसाद काकाको आँसुले उहाँका ती निर्दयी छोरा, बुहारी र नातिनीलाई नपोलोस् भन्न पनि सकिनँ तर मनमनै कामना गरेँ, उनीहरूमा एक दिन अवश्य सद्बुद्धि पलाओस् र आफ्नो गल्तीको पश्चात्ताप गर्ने अवसर मिलोस् ।

यो घटनाले रातभर निदाउन सकिनँ । निद्राको आसमा रात छ्याङ्ग भयो ।

# यो घामले त के पोल्छ र जति तिम्रो मायाले पोल्छ!



**जनक अर्याल**

करिब चार वर्ष अगाडि, आफ्नै भूमिलाई चटक्कै बिर्सिएर विदेशी भूमिमा पाइला टेकेको त्यो दिन; काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल।

यात्रुहरूको चाप सधैँ उस्तै! 'दाइ, साउदी जाने कुन लाइन?' भनी प्रश्न सोध्दै गर्दा एयरपोर्टभित्र भेटिनु भएका प्रिय दाजु। मेरा लागि आत्मीयता प्रकट गर्नु भएका जनक दाजु हजुरलाई यो बिरानो प्रदेशमा निकै मिस गरेको छु।

हरियो पाखामा टुपुक्क बसेको त्यो मेरो सानो गाउँ जहाँ बिहान घामसँगै बिउँझिने बानी अनि साँझ चन्द्रमासँगै थाकेका अधुरा सपनाहरू निदाउने कोसिसमा हुन्छन्। त्यही गाउँमा छिन् मेरी प्राण प्यारी (सुन्तली) जोसँग मैले जिन्दगी सँगै बाँच्ने कसम खाएको छु। तर परिस्थितिले हामीलाई फरक अनि टाढा दुई किनारामा पुऱ्याइदिएको छ आज।

त्यो दिन सम्झन्छु। मेरो हातमा सानो एउटा झोला अनि आँखाभरि ठुला सपना। छोरोको उज्ज्वल भविष्य, आमाबुबाको उपचार र प्यारीको सिन्दूरको रङ, कहिल्यै नमेटिने ती रङ्गिन आशाहरू।

उनी चुपचाप थिइन्। एकैछिनमा आँगनमा पाइलाका निशानी छाप छाडेर तालो कट्दै गर्दा 'रमेश जाऊ है, तर फर्कन नबिर्सनू' भन्दाको त्यो क्षण! मुस्कानको आडमा आँसु लुकाउँदै यति बोल्ने आँट गरेकी थिइन्। निकै नमज्जा लागेको थियो। छाती भारी थियो। मोबाइलमा छोराको फोटो हेर्दै ओरालो झर्दै गरेको त्यो पल। यस्तो लाग्थ्यो, मलाई यो शब्दमा नभएको माया यही फोटोमा लुकिरहेको छ।

साउदी अरेबिया, ४५ डिग्रीको यो तातो घाम। जसोतसो जिन्दगी चल्ला कि भनेर सङ्घर्ष गरिरहेका मेरा यी हातहरू। घर फिर्ने रहर नभएको त कहाँ हो र! उमेर पनि ४० कट्दै छ। उमेरले नेटो काटेपछि हामी गरौँला के? छोराछोरीको भविष्य फेरि खोजौँला कहाँ? तिम्रा पनि त रहर थुप्रै छन्। यी नै भारीहरूले थिचिएर त हाम्रो जीवन अप्ठ्यारो बनेको हो। यही सम्झेर यो मरुभूमिमा पसिना पुछ्दै छु म। कसरी भनूँ म? दर्दहरू तिमी सामु कसरी पोखूँ? तिम्रा आफ्नै पीडाहरू अझै जिउँदै छन्। कसरी सुनाऊँ तिमीलाई?

मरुभूमिको तातो बालुवा जहाँ हिँड्दा यो शरीर पोल्छ।

के गरौँ म ? तिम्रो मायाले योभन्दा बढी त मेरो मन पोल्छ।

❖ बाँकी तेस्रो पृष्ठमा

# पेन्ट फुकाल्दै आँची धोएको त्यो पल



रमेश नेपाल

त्यो बालापन अब फेरि जीवनमा कहिल्यै आउँदैन ।अतितलाई फर्केर हेर्दा लाग्छ ती दिनहरु फेरि फर्केर आए हुने,ती बाल्यकाल कति रमाईलो थियो । 'आमाको होटल बुवाको लज' भने झैं दिनभरि खेलेर आउँदा पनि आमाको हातले पकाएको भात खाएर घुप्लुक्क निदाउँदाको त्यो पल सम्झँदै आनन्द आउने ।

साथी कान्तेसँगको मेसेन्जर कलको भलाकुसारी पहिलो भागमा फिल्म हेर्न जाँदा गेटकीले कान समाएको र दोश्रो भागमा आँप चोरेर खाँदा गुलेलीको मट्यांग्राले लागेर साथीको निधारमा उठेको टुटुल्को बारेमा बाल्यकालको स्मरण गराएको थिएँ । आज भने म हाम्रो बिचार्नीमा रहेको ज्ञानदीप प्रा. बि. मा पढ्दा गरिएको उटपट्याङलाई स्मरण गराउन गइरहेको छु ।

म त्यो बेला बिचार्नीस्थित ज्ञानदीप प्रा. बि. मा कक्षा ४ मा पढ्थैं ।म लगायत साथीहरु धुर्बे,तिर्थे,रमेश,मने,कान्छा बाउ ,अमरे ,कान्ते लगायत अरु धेरै साथीहरु सँगै थियौँ ।हाम्रो स्कुलको पश्चिमतर्फ कचली भन्ने एकजना दिदीको सब्जी खेती थियो ।जहाँ सिजन अनुसार साग सब्जी लगाउनु हुन्थ्यो कचली दिदीले ।एक दिनको कुरा हो हामी साथीहरु टिफिनमा त्यही कचली दिदीको सब्जी बारीमा गएर मुला उखेलेर खाँदै थियौं। टिफिन सकिएर घण्टी लागेको हामीलाई पत्तै भएन ।टिफिन पछाडिको पहिलो पिरियडमा हाम्रो सामाजिक बिषय पढाइ हुन्थ्यो ।सामाजिक बिषय हामीलाई हाम्रो प्र.अ. सोम कट्वाल सरले पढाउनु हुन्थ्यो ।सर अघि नै क्लासरुममा आई सक्नु भएको रहेछ । हामी ढोका अगाडि उभिएर 'सर म भित्र आउन सक्छु ?'भनेर सरलाई सोध्यौ सरले 'आईज 'भनेर हामीलाई भित्र बोलाउनु भयो। भित्र बोलाएर हामीलाई लस्करै उभ्याउनु भयो ।मेरो यादमा भए अनुसार म,तिर्थे,धुर्बे र अरु एकजना साथी थियो ।हामीलाई भित्र लस्करै उभ्याएपछि सरले हामीलाई सोध्नु भयो यत्रो बेर कहाँ थियौं ? मेरो मुखमा तत्काल उत्तर आयो सर दस मिनेट गएका थियौं । मैले दस मिनेट भनेपछि सबै साथीले दस मिनेट नै भने ।त्यो बेला हाम्रो स्कुलमा पिसाब फेर्न जाँदा पाँच मिनेट र दिशा गर्न जाँदा दस मिनेट भन्ने चलन थियो ।

हामीले सर दस मिनेट गएका थियौं भन्नेबितिकै सरले सोध्नु भयो 'गु धोयौं ?'हामीले हत्तपत्त जवाफ फर्कायौ 'धोयौ सर ।' फेरि सरले सोध्नु भयो 'कहाँ धोयौं ?' हामीले उत्तर फर्कायौ 'पैनीमा सर ।' हाम्रो स्कुल पछाडि कचली दिदीको सब्जी खेती छेउमै पैनी पनि थियो ।त्यसैले हामीले पैनीमा सर भन्ने जवाफ फर्काएका थियौ।हाम्रो जवाफ सुन्नासाथ सरले एक- एक भाटा हान्दै 'पैनीमा पानी थियो र?' भनेर सोध्नु भयो । हामीले पनि काम्दै 'थियो सर 'भन्ने जवाफ फर्कायौँ। बिचरा हामीले त्यो बेला माघ महिनामा पैनीमा पानी हुँदैन भन्ने नै भुलेछौँ। ढाँटेको कुरा काटे मिल्दैन भने झै हामी मुला चोरेर खान गएका सरले कराउनु हुन्छ भनेर दस मिनेट गएका थियौं भन्ने जवाफ फर्काउँदा सरले केही गर्नु हुन्न होला भनेको त झन् फसादमा पो पर्यौ । अनि सोम सरले हामीलाई कानमा समातेर बाहिर निकाल्नु भयो र 'तेरिमा फोहोरी हो दिशा गरेपछि धुनु पर्दैन ?' भन्दै अगाडि बाटो छेउमा भएको रातो कलमा लगेर पेन्ट खोल्दै आँची धुन लगाउनु भयो । सरले कल पेल्दिनु भयो साथीहरु र म क्रमशः पेन्ट फुकाल्दै आँची धोएका थियौ । हामीले दिशा नै नगरी ढाँट्दा खेरि आँची धुनु परेको थियो ।त्यसपछि महिनौँसम्म अरु साथीले हामीलाई गिज्याएका थिए । बाल्यकालको त्यो पल अहिले सम्झँदा सारै रमाइलो लाग्दो रहेछ । लिच्ची चोरेर खाएको चाहिँ आगामी अंकमा लेख्ने छु ।

# धनकुटामा १ हजार केजी गाँजासहित लागूऔषध नष्ट



झापा । धनकुटामा प्रहरीले विभिन्न समयमा बरामद गरेको एक हजार केजी गाँजासहित लागूऔषध शनिबार नष्ट गरेको छ ।

९ सय ९९ केजी १०८ ग्राम गाँजा, ट्रामाडोल ८ सय ९१ क्याप्सुल तथा डाइक्लोमाइन हाइड्रोक्लोराइड औषधि ८सय ९१ ट्याब्लेट नष्ट गरिएको प्रहरीले जनाएको छ । धनकुटा जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, सञ्चारकर्मी र स्थानीयनागरिकको रोहवरमा जिल्ला प्रहरी कार्यालयको अपराधअनुसन्धान शाखाले नष्ट गरेको हो ।

बरामद लागुऔषध प्रयोगशालामा परीक्षण गर्न पठाउनका लागि कानुनले तोकेको निश्चित मात्रा छुट्याई बाँकी अदालतको अनुमतिबमोजिम नष्ट गरिएको जिल्ला प्रहरी प्रवक्ता डीएसपी ओमप्रकाश खनालले बताए । ती लागूऔषध धनकुटा नगरपालिका-९ मुलघाटस्थित तमोर नदी किनारमा नष्ट गरिएको खनालले जानकारी दिए ।

# कोशी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगिता सुरु




झापा(प्रस) । कोशी प्रदेशस्तरीय १५ औं राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगिता प्रदेश राजधानी विराटनगरमा शनिबारबाट सुरु भएको छ। कोशी प्रदेश खेलकुद विकास बोर्डको आयोजनामा विराटनगरको सहिद रंगशालामा खेलाडी छनोट सुरु भएको हो। कोशी प्रदेशसभाका सभामुख अम्बरबहादुर विष्टले उद्घाटन गरेको छनोट प्रतियोगितामा प्रदेशका ११ जिल्लाका खेलाडीहरु सहभागी छन्। छनोट प्रतियोगिता आगामी सोमबारसम्म चल्ने छ।

प्रतियोगिताको उद्घाटन गर्दै विष्टले पूर्वाधारको विकासले मात्रै राष्ट्रको विकास नहुने भन्दै शिक्षा, खेलकुद लगायतको क्षेत्रमा समेत पर्याप्त लगानी आवश्यक रहेको बताए। उनले लगानीले मात्रै चौतर्फी विकास हासिल हुन सक्ने बताए। आगामी बजेटमा खेलकुद क्षेत्रका लागि फराकिलो मन बनाएर रकम विनियोजन गर्न कोशी प्रदेश सरकारलाई विष्टको आग्रह छ।

कोशी प्रदेशका सामाजिक विकासमन्त्री तथा प्रदेश खेलकुद विकास बोर्डका अध्यक्ष पाँचकर्ण राईले आगामी बजेट खेल क्षेत्र र खेलाडीलाई प्राथमिकतामा राखेर निर्माण गरिने प्रतिबद्धता जनाए। मन्त्री राईले छोटो समयको सूचनाको आधारमा प्रतियोगिता आयोजना गर्न सफल भएकोमा सरोकारवाला र खेलाडीहरुलाई धन्यवाद दिएका छन्।

प्रतियोगितामा सहभागी खेलाडीलाई शुभकामना व्यक्त गर्दै कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्यसचिव कृष्ण बस्नेत (पर्शुराम)ले राष्ट्रपति रनिङ शिल्डमा विजयी हुने खेलाडीलाई उचित सम्मान हुने जानकारी दिए। उनले खेलाडीले सम्मानपूर्वक बाँच्ने अवस्थाको निर्माणका लागि बोर्डले काम गरिरहेको बताएका छन्।

प्रदेशस्तरीय छनोट प्रतियोगितामा सोलुखुम्बु, सुनसरी र खोटाङ जिल्ला सहभागी छैनन्। प्रतियोगितामा सहभागी हुने खेलाडीको अधिकार सुनिश्चित गर्न असफल भएका जिल्लाका खेलकुद विकास समितिलाई कारबाही गरिने बस्नेतले बताए।

छनोट प्रतियोगितामा ११ जिल्लाबाट भलिबल, कबड्डी, कराँते, तेक्वान्दो, उसु र एथलेटिक्स खेलमा झन्डै १ हजार खेलाडीको सहभागिता रहेको बोर्डले जनाएको छ। छनोट प्रतियोगितामा विजयी खेलाडीहरूले जेठ २८ देखि ३० गतेसम्म काठमाडौंमा हुने १५ औं राष्ट्रपति रनिङ शिल्डमा कोशी प्रदेशको प्रतिनिधित्व गर्ने छन्।

# पेट फुल्ने समस्याबाट छुटकारा


झापा । के तपाईंले कहिल्यै महसुस गर्नुभएको छ कि पेट फुलिरहेको छ ? मानिसहरूले प्रायः पेट फुल्ने समस्याको सामना गर्छन्।

यसका लागि केही सुझावहरू

प्रशस्त पानी पिउनुहोस् : हाइड्रेटेड रहनाले अतिरिक्त सोडियम बाहिर निस्कन्छ र पानी जम्मा हुनबाट रोक्छ। दिनमा ६-८ गिलास पानी पिउने लक्ष्य राख्नुहोस्। पानी पाचनको लागि आवश्यक छ।

सावधानीपूर्वक खानुहोस् : बिस्तारै चपाएर खाना खाँदा र नबोल्दा निल्ने हावा कम हुन्छ। हतार नगर्नुहोस्, पाचन प्रक्रिया मुखबाट नै सुरु हुन्छ।

नियमित खानाको समय पालना गर्नुहोस् : अनियमित समयमा खाना खाँदा तपाईंको पाचन तालमा बाधा पुग्छ। हरेक दिन एकै समयमा खाने प्रयास गर्नुहोस्।



बुद्धिमानीपूर्वक फाइबर उपभोग गर्नुहोस् : फलफूल, तरकारी र सम्पूर्ण अन्नसँग बिस्तारै फाइबरको मात्रा बढाउनुहोस्। सधैं पानीसँग फाइबर लिनुहोस्। धेरै फाइबर सेवन हानिकारक हुन सक्छ।

खाना खाएपछि छोटो पैदल यात्रा गर्नुहोस् : खाना खाएपछि छोटो पैदल यात्रा गर्नाले तपाईंको प्रणालीबाट ग्यास बाहिर निस्कन मद्दत गर्छ। १० मिनेटको पैदल यात्राले पनि खाना खाएपछि भारीपनको अनुभूति कम गर्न सक्छ।

कार्बोनेटेड पेय पदार्थबाट बच्नुहोस् : कार्बोनेटेड पेय पदार्थहरूले तपाईंको पेटमा ग्यास जम्मा गर्न सक्छ। बरु, चिसो पानी वा हर्बल चिया पिउनुहोस्।

नुनिलो खाजा सीमित गर्नुहोस् : सोडियमले भरिपूर्ण प्रशोधित खानाहरूले तपाईंको शरीरमा पानी जम्मा गर्छ। सम्भव भएसम्म ताजा, न्यूनतम प्रशोधित खानाहरू छनौट गर्नुहोस्।

आफ्ना ट्रिगरहरू जान्नुहोस् : ढाँचाहरू याद गर्न फुड जर्नल राख्नुहोस्। केही मानिसहरू डेरी, ग्लुटेन वा गुलियो पदार्थहरूप्रति संवेदनशील हुन्छन्। तपाईंको शरीरलाई केले ट्रिगर गर्छ भनेर पहिचान गर्नु महत्वपूर्ण छ।

## यो घामले ...

यो घामले त के पोल्छ र जति तिम्रो मायाले मलाई पोल्छ!

प्रिया!

करिब दिनको सत्र घण्टाको कामपछि थाकेर कोठामा पस्ने कोसिस गर्छु। गर्मी असाध्यै छ। रुमालले पसिना पुछौं कि मेरा आँसु? भने जस्तो कम्पनी परिदिएको भए र बिचौलियाले ममाथि खेल नखेलेको भए सायद अहिले म गाउँमै फर्किसक्थेँ होला! सबै कुरा सजिला छैनन् मेरा यहाँ।

तिमीलाई यस्तै यस्तै लेखौँ लाग्छ। भनौँ लाग्छ। फेरि सोच्छु, म आफैं यति धेरै कमलो भएँ भने तिमी गाउँमा कसरी आँटिली हौली? कसरी निडर बनौली? तर के गरौँ?

तिमी नभएको यो विदेशी दुनियाँ त मलाई सुन्दा सुन्दै टुक्रिएको धुनजस्तै लाग्छ सुन्तु! कहिलेकाहीँ म यो रातको शून्यतामा छतमा बसेर चन्द्रमा हेर्ने आँट गर्छु। फेरि सोच्छु, तिमी पनि म जस्तै यो चन्द्रमा हेरेकी हौली। तुरुन्तै तिमीलाई केही अप्ठ्यारो पर्ला कि भनेर कोठाभित्र प्रवेश गर्छु। मन भारी हुन्छ। त्यो चन्द्रमाले एकछिन त उज्यालो छरेर जान्छ। बिहानी पख फेरि म एक्लै हुन्छु।

सबेरै उठ्छ्यौ। बिहान चुल्हो सल्काउँछ्यौ। यो पनि थाहा छ, बेलुकी यसै गरी तिम्रा आँखा आँसुले सल्किन्छन्। छोराले बाबा भन्न सिकेको छैन तर बाबु सुत्नुभन्दा अघि मेरो तस्बिर देखाउँदै भन्छ्यौ- 'हेर यो बाबाको मुहार हो, सुत्नुअघि हेरेर सुत!'

तिमीलाई आशीर्वाद छ सानु। यसै गरी भगवानले सधैँ तिमीहरूलाई हेरिरहुन्।

गाउँमा तिम्रो मुस्कान अझै बाँकी नै छ। तर त्यो मुस्कान पनि निकै गह्रौं हुँदो हो। तर जेनतेन सम्हालिएकै छौ। कहिलेकाहीँ तिमी पनि घाममा उभिएर यसै गरी सोच्दी हौ; यो शरीर त के पोल्छ र घामले जसरी मेरो वियोगले भित्रभित्रै तिमी पोलिइरहेकी छौ।'

समय सधैँ यस्तै न रहला। हामी पनि त सधैँ यस्तै नरहौँला। म एक दिन फर्की आउँला। तिम्रा लागि। हाम्रा लागि। हामी सबैका लागि। त्यो दिन 'निष्ठुरी परदेशी' भनेर मेरो ढोका नछेक्नु ला।

त्यो दिन, तिमी बिहानदेखि झ्यालतिर हेरिरहेकी हुने छ्यौ। म आउने दिन ढोकातिर तिम्रा नजर हुनेछन्। पोते अनि सारी समाएर हत्तपत्त ढोका खोल्न तिमी आउने छ्यौ। तिम्रा मुहारमा आँसु र मुस्कान दुवै एकसाथ हुनेछन्। म सम्हाल्ने कोसिस गर्ने छु।

म ढोकामा उभिएको हुनेछु। छोरो तिम्रो ढाड पछाडि सलले बेरिएर लुक्दै हुनेछ। अनि तिमी मलाई भन्ने छौ- 'ऊ त तिमीलाई चिन्दैन। मेरो त के कुरा, म त दिनदिनै तिमीभित्र बाँचेकी छु।'

मैले केही बोल्न सक्ने छैन। बस् लामो लामो सास! र

अनि छोरोलाई अँगालोमा हाल्दै भन्न लाउने छौ, 'अब म कतै जाँदिनँ, मेरो सारा संसार यही हो! तिमी, ऊ र म। हामी सबै। बाचा गर ला।'

अनि त्यो साँझको घाम पहिलो पल्ट हामीलाई मिठो लाग्ने छ। त्यो जून जसले पहिलो पल्ट हामी सबैलाई सँगै शीतलता प्रदान गर्ने छ। किनकि त्यसले अब उप्रान्त कहिले पोल्ने छैन। त्यो दिन त मायाको उज्यालो दिन हुने छ। चम्किलो रात हुनेछ किनकि मेरो घाम मेरो जून सबै सबै मसँगै हुनेछ।

नक-नक! नक-नक!

यतिकैमा जोडसँग घरको ढोका बजेको आवाज आउँछ। बिहानी पखको रात, सुन्तली जर्फराउँदै उठ्छिन्। ढोका नजिकै गएर बस्छिन्। कोही हुँदैन बाहिर।

कस्तो सपना यो! यो कस्तो बातचित!

नजिकै रहेको मोबाइल समाउँछिन्। मोबाइल डिस्प्लेमा उनै श्रीमानको तस्बिर। फेरि हातबाट टेबलमा मोबाइल राख्छिन्। चुलोमा जान्छिन्। तसलाको पानी घटघट पिएर छोरो सुते नजिकै पुग्छिन्। श्रीमानलाई फोन गरौँ कि भनेर जमर्को पनि गर्छिन्। मध्यरात, होस् भनी बिस्तरामा फेरि कोल्टे फेर्ने प्रयास गर्छिन्।

भित्तामा झुन्डिएको परदेशीको उही तस्बिरले उनलाई निदाउन भने पटक्कै दिँदैन।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

# वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।